ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST:18:40 hrs. Date: 11.01.2026

## CM-Pre Budget: IPR

केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणको अध्यक्षतामा पूर्वबजेट सभा सम्पन्न भयो। बैठकमा मुख्यमन्त्री प्रेमसिंह तामाङ पनि सहभागी हुनुभयो। उहाँले विचार-विमर्शको क्रममा विशिष्ट भौगोलिक र रणनीतिक चुनौतीहरू भएको सानो सीमावर्ती राज्य सिक्किमको दृष्टिकोण साझा गर्दै, विकास प्राथमिकता र वित्तीय संवेदनशीलताहरूमाथि केन्द्र सरकारको ध्यानाकर्षण गराउनुभयो। श्री तामाङले सड़क सम्पर्क, पूर्वाधार विकास, रोजगारी सिर्जनाका क्षेत्रहरू, र कल्याणकारी कार्यक्रमहरूको सहज रूपान्तरणसँग सम्बन्धित प्रमुख सरोकारहरूलाई प्रकाश पार्नुभयो। यसका साथै, सीमा पूर्वाधारको रणनीतिक महत्त्व र प्रमुख सडक सञ्जाल अनि व्यवस्थित संयोजकतालाई सुदृढ पार्न निरन्तर सहयोगको आवश्यकतामाथि जोड दिनुभयो। बैठकमा मुख्यमन्त्रीले समावेशी वृद्धि, दिगो विकास र विकसित भारत २०४७ को दृष्टिकोणमा अर्थपूर्ण योगदान पुऱ्याउने सिक्किमको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

## Arunachal Pradesh Governor-Sikkim: IPR

अरुणाचल प्रदेशका राज्यपाल त्रिविक्रम पर्नाइक आजदेखि जनवरी १३, २०२६ सम्मको तीनदिने औपचारिक भ्रमणमा आज दिउँसो सिक्किम आइपुग्नुभयो। उहाँलाई बुर्तुक हेलिप्याडमा गृह विभागका संयुक्त सचिव जोन गुरुङले स्वागत गर्नुभयो र त्यसपछि उहाँलाई गान्तोकको लोकभवनमा लगिएको थियो। राज्यपाल पर्नाइकले भ्रमणको क्रममा, १७ माउन्टेन डिभिजन मुख्यालयकको स्थापना दिवस समारोहमा भाग लिनका साथै वरिष्ठ सैन्य अधिकारीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ र गान्तोकमा विभिन्न आधिकारिक कार्यक्रमहरूमा सहभागिता जनाउनुहुनेछ।

## Sikkim-Award: IPR

जनवरी ९ देखि ११ सम्म सिलगढीमा आयोजित बंगाल ट्राभल मार्ट, २०२६ को नवौँ संस्करणमा सिक्किमलाई प्रतिष्ठित **"भारतको सर्वोत्कृष्ट पर्यटक मैत्री राज्य"** पुरस्कार प्रदान गरिएको छ। बंगाल ट्राभल मार्ट २०२६ पूर्वी भारतको सबैभन्दा महत्त्वपूर्ण पर्यटन व्यापार कार्यक्रमहरूमध्ये एक हो, जसले भारत र विदेशका पर्यटन सरोकारवालाहरू, नीति निर्माता, खरीददार, विक्रेता र मिडियालाई गतिशील मञ्च प्रदान गर्दछ। सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभाग साझेदार राज्य थियो, जसले सिक्किमको बढ्दो प्रतिष्ठालाई जिम्मेवार र दिगो पर्यटन गन्तव्यका रूपमा प्रकाश पारेको थियो। यस मान्यताले पर्यटन विकास, आगन्तुक व्यवस्थापन, दिगोपन र समुदायमा आधारित पर्यटनमा उत्कृष्ट अभ्यासहरू लागू गर्न सिक्किम सरकारको निरन्तर प्रयासलाई प्रतिबिम्बित गर्दछ। मार्टको यस नवौँ संस्करणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन संस्थाहरूको व्यापक सहभागिता देखियो। नेपाल पर्यटन बोर्ड र भुटान सरकारको पर्यटन विभागले अन्तर्राष्ट्रिय देश साझेदारका रूपमा भाग लिए। ***नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स*** र **होटल एण्ड रेस्टुरेन्ट एसोसिएसन अफ भुटान** जस्ता प्रमुख अन्तर्राष्ट्रिय संघहरूले पनि कार्यक्रममा भाग लिएका थिए।

## Demise-Prashant Tamang: Summit Times

२००७ मा **इन्डियन आइडल सिजन ३** का प्रख्यात विजेता प्रशान्त तामाङको दिल्लीस्थित आफ्नै निवासमा निधन भएको छ। मुख्य रूपले दार्जिलिङ निवासी र नेपाली समुदायमाझ लोकप्रिय गायक तथा अभिनेता प्रशान्त तामाङ आफ्नो समुदायबाट प्रतिष्ठित रियालिटी शोको उपाधि जित्ने पहिलो व्यक्ति थिए। चलचित्रकर्मी राजेश घतानीले दिएको जानकारी र सामाजिक सञ्जालमा प्रसारित खबरअनुसार तामाङको मृत्यु आज उनको दिल्लीस्थित घरमा भएको रिपोर्टहरूले पुष्टि गरेक ा छन्। अहिलेसम्म कुनै आधिकारिक कारण खुलासा गरिएको छैन। प्रशंसकहरू एक सुमधुर आवाजलाई गुमाउनु परेक ामा शोक ाकुल छन्।

## Sikkim-SKOCH Award: Summit Times

सूचना तथा जनसम्पर्क विभाग, IPR सिक्किमको प्रमुख **"क्रिएटिभ हब"** पहलले नयाँ दिल्लीमा आयोजित एक सय पाँचौँ SKOCH शिखर सम्मेलनमा ई-सुशासनका लागि SKOCH पुरस्कार जितेको छ। IPR सचिव अन्नपूर्णा आलेले यो सम्मान ग्रहण गर्नुभयो। माघे मेला २०२५ मा सुरु गरिएको, क्रिएटिभ हबले रचनात्मक उद्यमीहरू, सम्पदा सरोकारवालाहरू र आधुनिक प्रविधि आविष्कारकहरूबीचको सहकार्यलाई बढावा दिँदछ। त्यसबाहेक, गान्तोकको जिल्ला प्रशासनिक केन्द्रले आफ्नो अमीन व्यवस्थापन प्रणालीका लागि रजत पुरस्कार प्राप्त गरेको छ।

## Football: Sagar Chettri

जोरथाङ फुटबल मैदानमा जारी ११ औँ **अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिता** २०२६ मा शिलङको नोङ्क्सेह एस.सीले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ। आज दिउँसो खेलिएको प्रतियोगिताको तेस्रो प्रि-क्वार्टरफाइनल खेलमा, नोङ्क्सेह एस.सीले उत्तिकै बलियो पूर्वी रेलवे, कोलकातालाई एक गोलले पराजित गर्‍यो। भोली सोमबार दिउँसो २ बजे खेलिने प्रतियोगिताको अन्तिम प्रि-क्वार्टरफाइनल खेलमा बी.एस.एफ जालन्धरले रेम्लुन फुटबल क्लब, मिजोरमसँग प्रतिस्पर्धा गर्नेछ।

**समाचार पूरा भयो।**